लक्ष्मी जननी मिडिया हाउस प्रा.लि.द्वारा प्रकाशित

जि.प्र.का.द.नं. :-१३/०७६/०७७
जि.हु.द.नं. १/०८२/०८३

म्याग्दी नेपाल

MYAGDI NEPAL WEEKLY www.erupse.com साप्ताहिक

होटल जोमसोम प्राइड
जोमसोम मुस्ताङ,०६९-५९००८३,९८२४७२३९३६

मुक्तिनाथ तथा दामोदरकुण्ड तिर्थयात्राका क्रममा आरामदायी तथा पारीवारीक वातावरणमा खाना तथा बसाइका लागि सम्झनै पर्ने नाम ।

वर्ष ८, अंक २५ २०८३ साउन २२ गते शुक्रबार (Friday 7 August 2026) नेपाल सम्बत् ११४५ पृष्ठ ४+२ मुल्य रु १०/-

दुई दशक विदेशमा बिताएका गंगारामको संघर्ष, साहस र सफलता

अमृत बास्कुने

"जीवनमा सबैभन्दा ठूलो खुसी पैसा कमाउनु होइन, आफ्नै गाउँमा बसेर सम्मानका साथ काम गर्न पाउनु रहेछ ।" मालिका गाउँपालिका-१, निस्कोट डाँसा सिरदिका ४४ वर्षीय गंगाराम पौडेलले यति भनिरहँदा उनको अनुहारमा देखिएको मुस्कानमा दुई दशक लामो संघर्षको कथा लुकेको थियो । त्यो मुस्कान कुनै रातारात प्राप्त सफलताको परिणाम थिएन । त्यसको पछाडि थियो- बीस वर्षसम्म परदेशको गर्मीमा बगेको पसिना, हजारौं रातको एक्लोपन, परिवारबाट टाढा बितेका चाडपर्व, मनभरि बोकेको घर फर्किने सपना र अन्ततः आफ्नै माटोमा केही गरेर देखाउने दृढ अठोट ।

नेपालका हजारौं युवाजस्तै गंगाराम पनि रोजगारीको खोजीमा विदेशिएका थिए । गाउँमा अवसर सीमित थियो । परिवारको आर्थिक अवस्था बलियो थिएन । आम्दानीका स्रोत न्यून थिए । घरमा जिम्मेवारी थपिँदै गएको थियो । यही बाध्यताले उनलाई २०५८ सालमा मलेसियाको बाटो देखायो ।

विदेश जानुअघि उनले गाउँका डाँडापाखा, खेतबारी, मेलापात र आफन्तसँग बिताएका दिनहरू सम्झँदै विमान चढेका थिए । उनलाई थाहा थियो, विदेश पैसा कमाउने ठाउँ हो, तर परिवारबाट टाढा रहने पीडाको कुनै मूल्य हुँदैन । मलेसियामा उनको जीवन सोचेजस्तो सहज भएन । भाषा फरक, संस्कृति फरक, मौसम फरक । बिहानदेखि बेलुकासम्मको कठोर श्रम, सीमित आराम र भविष्यका लागि बचत गर्ने चिन्ताले दिन बित्थे । पाँच वर्ष पाँच महिना उनले त्यही संघर्ष दोहोर्याए ।

त्यसपछि उनको यात्रा बहराइन पुग्यो । त्यहाँ एक वर्ष काम गरे । फेरि कतार पुगे । कतारमा साढे चार वर्ष बिताए । त्यसपछि संयुक्त अरब इमरेष्ट(युएइ)को आबुधाबीमा चार वर्ष र अन्तिम चरणमा ओमानमा छ वर्ष काम गरे । यसरी हेर्दा उनको वैदेशिक जीवन एउटा देशबाट अर्को देशमा अवसर खोज्दै बितेको दुई दशक लामो यात्रा थियो । विदेशमा रहँदा एउटा कुरा भने कहिल्यै बदलिएन । त्यो थियो- घर फर्किने सपना ।

हरेक दशैंमा गाउँ सम्झिन्थे । तिहारमा देउसीभैलोको आवाज सम्झिन्थे । सन्तान हुर्किरहेको खबर फोनबाट सुन्थे । बाबु भएर पनि छोराछोरीको बालापनसँगै हिँड्न नपाउनु उनको जीवनको सबैभन्दा ठूलो पीडा थियो ।

आज उनका जेठा छोरा २० वर्षका भइसकेका छन् । उनले कक्षा १२ उत्तीर्ण गरिसकेका छन् । कान्छो छोरा १७ वर्षका छन् र कक्षा ११ मा अध्ययनरत छन् । १२ वर्षीया छोरी कक्षा ७ मा पढ्दै छिन् । उनीहरू हुर्कँदै गर्दा बाबु धेरैजसो समय हजारौं किलोमिटर टाढा थिए ।

गंगाराम भन्छन्, "विदेशमा पैसा कमाइयो, तर सन्तानको बाल्यकाल फेरि फर्केर आउँदैन रहेछ ।" त्यही अनुभूतिले उनको सोच परिवर्तन गरिदियो । विदेशमा जति कमाए पनि आफ्नै गाउँमा सम्मानका साथ बस्न सके त्यसको आनन्द अलग हुने विश्वास उनमा बढ्दै गयो । यही सोचेर २०७७ सालमा अन्ततः उनले स्थायी रुपमा नेपाल फर्किने निर्णय गरे । धेरैले फेरि विदेश जान सुझाव दिए । कतिपयले नेपालमा व्यवसाय गरेर केही हुँदैन पनि भने । तर उनले यो पटक आफ्नो निर्णय बदल्न चाहेनन् ।

नेपाल फर्किएपछि उनले केही दिन गाउँको परिवेश नियाले । विदेशमा सिकेको अनुशासन, समयको महत्व र सेवा गर्ने शैलीलाई आफ्नै गाउँमा प्रयोग गर्न सकिन्छ भन्ने विश्वास उनमा जागिसकेको थियो । यही समयमा उनलाई तत्कालीन मालिका गाउँपालिका-६ का वडा अध्यक्ष सन्तोष सुवेदीले भेटे । सुवेदीले विदेशबाट फर्किएका युवाले फेरि विदेश जाने सोच त्यागेर गाउँमै व्यवसाय गर्नुपर्ने सुझाव दिए । "रोजगारी खोज्ने होइन, अब रोजगारी दिने मानिस बन्नुपर्छ," सुवेदीले दिएको त्यो सल्लाह गंगारामको जीवनको मोड बन्यो । सुवेदीले

केवल सल्लाह मात्र दिएनन् । सहकारीमार्फत ऋणको व्यवस्था मिलाउन सहयोग गरे । आवश्यक व्यक्तिहरुसँग चिनजान गराइदिए । आत्मविश्वास बढाइदिए । गाउँमै सम्भावना छ भन्ने विश्वास दिलाए ।

गंगाराम भन्छन्, "कहिलेकाहीं एउटा मानिसले दिएको हौसलाले जीवनको बाटो नै बदलिदिन्छ । मैले त्यही हौसला पाएको थिएँ ।" परदेशबाट फर्किएका धेरै नेपालीसँग पूँजी हुन्छ, अनुभव पनि हुन्छ । तर आत्मविश्वास हुँदैन । जोखिम उठाउने आँट हुँदैन । गंगारामले त्यो डर जिते । उनले विदेशको कमाइलाई खर्च गर्ने होइन, लगानी गर्ने निर्णय गरे । त्यही निर्णयले केही समयपछि दरवाङ बजारमा एउटा नयाँ यात्राको सुरूवात गरायो ।

२०७८ सालमा गंगाराम पौडेलले दरवाङ बजारमा "प्रकृति मोटर पार्ट्स तथा वर्कसप" सञ्चालनमा ल्याए । व्यवसाय सुरू गर्दा *बाँकी पाँचौं पृष्ठमा*

नेशनल ड्रग सेन्टर
पाण्डे हेल्थ क्लिनिक एण्ड ल्याव सेवा
अस्पताल चोक, बेनीमा
प्रत्येक महिनाको चौंथो शनिबार

डा. हेमा छन्त्याल
स्त्री तथा प्रसुतीरोग विशेषज्ञ

महिला सम्बन्धी सम्पूर्ण समस्याहरू जस्तै तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, योनी चिलाउने, महिनावारी गडबडी हुने तथा रगत धेरै बग्ने, गर्भवती सम्बन्धी समस्या तथा गर्भवती जाँच, बाझोपनको उपचार तथा परामर्श, पिसाब पोल्ने, पिसाब छिटो छिटो लाग्ने, आङ खस्ने तथा खस्ला जस्तो हुने एवम् पाटेघरका अन्य समस्याहरु भएकाहरुले विशेषज्ञ मार्फत नै सेवा लिने मौका नछुटाउनु होला ।

साथै सोही दिन पाठेघरको मुखको पानी जाँच (Pap smear) गरिन्छ ।

डा. गोविन्द राज पाण्डे
जनरल फिजिसियन



गानो गोला, ग्याष्ट्रिक, अल्सर, दम, खोकी, निमोनिया, जण्डिस, मुटु भड्किने, ब्लड प्रेसर घटबढ हुने, पिसाब बढी लाग्ने (सुगर रोग), थाइराइड रोगका बिरामीहरुले समयमै सम्पर्क गरी स्वास्थ्यलाभ लिनुहुन अनुरोध गर्दछौं ।

डा. दिपक बगाले
वरिष्ठ रेडियोलोजिष्ठ

म्याग्दी जिल्लामै अत्याधुनिक भिडियो एक्सरे मेसिन मार्फत् पेट सम्बन्धी रोगहरुः कलेजो, पित्तथैली, मृगौला, फियो, पिसाव थैली प्रोस्टेट, एपेन्डिक्स लगाएतका अंगहरुमा हुने सुन्निने, पत्थरी पर्ने, पिप जम्ने, गिर्खा आउने ट्युमर पलाउने क्यान्सर जस्ता धेरै रोगहरु पत्ता लगाउन सकिन्छ । साथै पाठेघरको अवस्था, गर्भमा रहेको भ्रुणको स्थान, उमेर, जुम्ल्याह भए नभएको, भ्रुणको समय अनुसार हुनुपर्ने विकास भए नभएको तथा गर्भावस्थाको पाँचौ महिनामा (१८ देखि २२ हप्ता) गरिने जाँच Anomaly Scan मार्फत् भ्रुणको शारीरिक बनोटको विस्तृत अध्ययनबाट जघन्य खोटहरु पत्ता लगउन सकिन्छ । थाइराइड, स्तन, अन्डकोष, मांशपेशी र रक्तनलीको भिडियो एक्सरे द्वारा जाँच गरी रोगहरु पत्ता लगाउन सकिन्छ ।

९८५७६२४३५३-शम्भुराज पाण्डे, ९८६७६२९४२४-अमरप्रसाद पाण्डे
०६९-५२०१९२, ५२०६८८
- दैनिक रूपमा डाक्टरहरुद्वारा बिरामी परीक्षण तथा भिडियो एक्स-रे सेवा
- डिजिटल एक्स-रे, इसिजी, गुणस्तरीय ल्याब (प्रयोगशाला) सेवा
- गुणस्तरीय फार्मेसी सेवा

अग्रिम बुकिङको पनि व्यवस्था छ ।

२०८३ साउन २३ शनिबार

लाईट स्टार ब्यूटी पार्लर
डल हाउस एण्ड ट्रेनिङ सेन्टर
न्यूरोड, बेनी बजार म्याग्दी प्रो. मैनादेवि राई(सोनिया) ९८६४२७४१७०

हाम्रो सेवाहरूः
- आधुनिक फेसियल तथा स्किन केयर
- ब्राइडल मेकअप (विशेष अफर सहित)
- प्रोफेशनल ब्यूटी ट्रेनिङ क्लासहरू
- आइलाइसेस एक्सटेन्सन, नेल्स
- हेयर कटिङ एण्ड ब्लो ड्रायर सेटिङ, हेयर स्टाइल र कलरिङ
- मैनिक्योर, पेडिक्योर
- वाटर प्रुफ मेकअप, माइक्रो ब्लेडीङ, माइक्रो सेडीङ,
- ल्यासेज एक्सटेन्सन, नेल जेल एक्सटेन्सन

किन रोज्ने हामीलाई?
अनुभवी र मैत्रीपूर्ण स्टाफ गुणस्तरीय प्रोडक्ट प्रयोग आरामदायी वातावरण उचित मूल्य

विशेष छुट सहित विशेष कक्षाहरु सञ्चालन हुदैछन् । आफ्नो क्षमता विकास गर्ने मौकाको फाइदा लिनुहोस ।

सीप सिकेर आत्मनिर्भर बनौं
हामी सँग अनुभवी प्रशिक्षकबाट प्राक्टीकल सहितको तालिम लिनुहोस र आफ्नो करियर सुरु गर्नुहोस ।

महिला उद्यमीद्वारा हस्त निर्मित डल, कुशन, झुला, झुमरहरू पाइन्छ ।

सम्पादकीय

परिणाममुखी बनाऔं

स्थानीय सरकारको सफलताको मापन बजेटको आकारले होइन, त्यसले नागरिकको जीवनमा पारेको प्रभावले हुन्छ। यही दृष्टिकोणबाट हेर्दा मालिका गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ को सार्वजनिक सुनुवाइमार्फत आफ्ना उपलब्धि, चुनौती र आगामी कार्यदिशाबारे नागरिकसामु खुला रुपमा जानकारी गराउनु सकारात्मक अभ्यास हो। लोकतान्त्रिक शासन व्यवस्थामा सार्वजनिक सुनुवाइ केवल कानुनी औपचारिकता होइन, जनप्रतिनिधि र नागरिकबीचको उत्तरदायित्व, पारदर्शिता र विश्वासलाई मजबुत बनाउने महत्वपूर्ण माध्यम पनि हो। गाउँपालिकाले ५१ करोड ३८ लाख रूपैयाँभन्दा बढी बजेटमध्ये ७७.४२ प्रतिशत अर्थात् करिब ३९ करोड ७८ लाख रूपैयाँ खर्च गरेको जनाएको छ। त्यस्तै, सम्झौता गरिएका १६५ योजनामध्ये १५९ वटा सम्पन्न हुनु विकास निर्माणका दृष्टिले उत्साहजनक उपलब्धि हो। केही झोलुङ्गे पुलसहित छ वटा योजना अझै निर्माणाधीन हुनु स्वाभाविक मान्न सकिए पनि ती आयोजना समयमै सम्पन्न गर्न सम्बन्धित पक्षको विशेष ध्यान आवश्यक छ। विकासका योजना अधुरा रहँदा त्यसको प्रत्यक्ष असर सेवाग्राहीमाथि पर्छ। त्यसैले बाँकी योजनालाई शीघ्र सम्पन्न गर्नु अब गाउँपालिकाको प्राथमिक दायित्व बन्नुपर्छ। स्वास्थ्य क्षेत्रमा देखिएको उपलब्धि अझ प्रशंसनीय छ। एक वर्षमा ३३ हजारभन्दा बढी स्वास्थ्य सेवा प्रवाह हुनु र सबै सुत्केरी स्वास्थ्य संस्थामै सम्पन्न हुनु स्थानीय स्वास्थ्य प्रणालीको सकारात्मक संकेत हो। घरमै सुत्केरी हुने अवस्था शून्यमा झर्नु केवल तथ्यांकको उपलब्धि होइन, सुरक्षित मातृत्वतर्फ गाउँपालिकाले हासिल गरेको महत्वपूर्ण सामाजिक परिवर्तन पनि हो। यो उपलब्धिलाई आगामी वर्षहरुमा पनि निरन्तर कायम राख्नुपर्ने चुनौती छ।

कृषि क्षेत्रमा मिनी टिलर, प्लास्टिक टनेल र सुन्तलाका बिरूवा वितरणले कृषिलाई आधुनिकीकरण गर्ने प्रयास देखिन्छ। पशु स्वास्थ्य सेवाको विस्तार, कृत्रिम गर्भाधान र सामुदायिक कुकुरको बन्ध्याकरणजस्ता कार्यक्रम पनि ग्रामीण अर्थतन्त्र र जनस्वास्थ्यसँग जोडिएका महत्वपूर्ण काम हुन्। तर अनुदान वितरणलाई मात्र उपलब्धि मान्ने प्रवृत्तिबाट माथि उठेर उत्पादन वृद्धि, बजार व्यवस्थापन र किसानको आम्दानीमा कति परिवर्तन आयो भन्ने विषयमा पनि अब स्थानीय सरकारको ध्यान केन्द्रित हुनुपर्छ।

शिक्षा क्षेत्रमा ८३.८४ प्रतिशत बजेट खर्च भएको तथ्यांक सकारात्मक देखिए पनि शिक्षाको गुणस्तर सुधार भएको वा नभएको भन्ने प्रश्न अझै महत्वपूर्ण छ। शिक्षक तालिम, विद्यालय अनुगमन र स्थानीय शिक्षा योजनाको प्रभाव विद्यार्थीको सिकाइ उपलब्धिमा कति देखियो भन्ने मूल्यांकन नियमित रुपमा गरिनुपर्छ। खर्चको प्रतिशतभन्दा परिणामको गुणस्तर नै शिक्षा क्षेत्रको वास्तविक सफलता हो। रोजगार तथा उद्यमशीलताको क्षेत्रमा ८४ जनाले औसत ८१ दिन रोजगारी पाउनु तथा वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका श्रमिकका परिवारलाई राहत उपलब्ध गराइनु संवेदनशील र जिम्मेवार कार्य हो। तर गाउँपालिकाको दीर्घकालीन लक्ष्य वैदेशिक रोजगारीमा निर्भरता घटाएर स्थानीय स्तरमै उत्पादन, उद्यम र रोजगारी सिर्जना गर्नु हुनुपर्छ। युवालाई गाउँमै टिकाउन सक्ने वातावरण निर्माण गर्न नसकिए विकासका अन्य उपलब्धि पनि दिगो हुन सक्दैनन्। यस सार्वजनिक सुनुवाइको अर्को सकारात्मक पक्ष नागरिकको सक्रिय सहभागिता हो। नन्दी घर्ती, हिरा पुन, छेमबहादुर विश्वकर्मालगायत स्थानीयले उठाएका प्रश्न र त्यसको गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा जनप्रतिनिधिले दिएको जवाफले स्थानीय लोकतन्त्रलाई जीवन्त बनाएको छ। नागरिकले प्रश्न गर्ने र जनप्रतिनिधिले जवाफ दिने संस्कृतिले मात्र सुशासन बलियो बन्छ। यद्यपि सार्वजनिक सुनुवाइ उपलब्धिको सूची प्रस्तुत गर्ने कार्यक्रममा मात्र सीमित हुनु हुँदैन। खर्च किन १०० प्रतिशत हुन सकेन? बाँकी योजना किन सम्पन्न भएनन्? आन्तरिक राजस्व अपेक्षाअनुसार बढ्न नसक्नुका कारण के हुन्? आगामी वर्ष सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन के-कस्ता सुधार आवश्यक छन्? यस्ता प्रश्नको स्पष्ट समीक्षा पनि उत्तिकै आवश्यक हुन्छ। आत्मसमीक्षाबिनाको सार्वजनिक सुनुवाइले अपेक्षित उद्देश्य पूरा गर्न सक्दैन।

स्थानीय सरकारप्रति नागरिकको विश्वास बढाउने सबैभन्दा प्रभावकारी उपाय पारदर्शिता, उत्तरदायित्व र परिणाममुखी कार्यसम्पादन हो। मालिका गाउँपालिकाले सार्वजनिक सुनुवाइमार्फत पारदर्शिताको अभ्यासलाई निरन्तरता दिएको छ। अब आवश्यक छ योजनाको गुणस्तर, समयमै सम्पन्नता, सेवा प्रवाहको प्रभावकारिता, उत्पादनमुखी कृषि, गुणस्तरीय शिक्षा, दिगो रोजगारी र आन्तरिक राजस्व वृद्धिलाई आगामी कार्ययोजनाको केन्द्रमा राख्नु। सार्वजनिक सुनुवाइको वास्तविक सफलता त्यतिबेला प्रमाणित हुन्छ, जब त्यहाँ उठेका नागरिकका प्रश्न र सुझाव आगामी नीति, योजना र बजेटमा प्रतिबिम्बित हुन्छन्। लोकतन्त्रको मर्म पनि यही हो जनताले बोल्ने, सरकार सुन्ने र सुनेको कुरालाई व्यवहारमा उतार्ने।

आस्था, इतिहास र सभ्यताको कथा एउटै आगनमा जीवित छ

३५ पर्यटकीय गन्तव्य दरवाङ भगवती मन्दिर :

पश्चिम म्याग्दीको प्रवेशद्वारका रुपमा परिचित दरवाङ बजारमा पुग्ने जो कोहीको नजर सहजै बजारको बीचभागतर्फ अवस्थित भगवती मन्दिरमा पुग्छ । पहिलो दृष्टिमा यो एउटा सामान्य धार्मिक मन्दिरजस्तो देखिए पनि यसको इतिहास पल्टाएर हेर्दा यसले केवल देवी भगवतीको आराधना मात्र नभई पश्चिम म्याग्दीको सामाजिक विकास, शिक्षाको सुरूआत, बसाइँसराइको इतिहास, समुदायको एकता र पुस्तौंदेखि जोगिँदै आएको सांस्कृतिक परम्पराको लामो कथा बोकेको पाइन्छ । धार्मिक आस्थाले जन्माएको एउटा सानो मन्दिर समयसँगै पश्चिम म्याग्दीको चिनारी बनेको छ । यहाँ दैनिक रुपमा स्थानीय भक्तजन पूजा गर्न पुग्छन् भने बडादशैंको नवदुर्गा र चैते दशैंका अवसरमा मन्दिर परिसर श्रद्धालुले भरिभराउ हुन्छ । देवी भगवतीप्रतिको आस्था, शान्त वातावरण र इतिहासले भरिएको यो स्थल अहिले मालिका गाउँपालिकाले पहिचान गरेका ३५ प्रमुख पर्यटकीय गन्तव्यमध्ये एक महत्वपूर्ण गन्तव्य पनि बनेको छ ।

चैत्राष्टमी तथा नवदुर्गाको समयमा मन्दिरमा पुगेर केहीबेर बस्दा घण्टीको मधुर ध्वनि, धूपको सुगन्ध, आरतीको प्रकाश र वरिपरि फैलिएको धार्मिक वातावरणले मनलाई एकाएक शान्त बनाइदिन्छ । यही कारण यहाँ आउने धेरै श्रद्धालुले केवल पूजा गरेर मात्र होइन, केही समय ध्यान, प्रार्थना र आत्मिक शान्तिको अनुभूति गर्दै फर्किने गरेका छन् ।

दरवाङ भगवती मन्दिरको इतिहास अध्ययन गर्ने हो भने यसको तथ्यहरू झण्डै आठ दशक पुरानो मानिन्छ ।

जिल्ला विकास समिति म्याग्दीका पूर्व सभापति ओमप्रकाश शेरचनका अनुसार उनका पिता शेरबहादुर शेरचनले आफ्ना सन्तान प्राप्तिको कामना गर्दै धार्मिक कार्यहरु गर्ने क्रममा वि.सं. २००० सालतिर दरवाङ बजारको छेउमा भगवती मन्दिर निर्माण गरेका थिए । त्यसबेला दरवाङ अहिलेको जस्तो व्यवस्थित बजार थिएन । केही घर, खेतीयोग्य जमिन र नदी किनारको बस्तीका बीचमा एउटा धार्मिक केन्द्र बनाउने सोच स्वयंमा दूरदर्शी निर्णय थियो ।

ओमप्रकाश शेरचनको जन्म वि.सं. २००७ सालमा भएको हो । उनका अनुसार आफ्नो जन्मअघि नै उनका पिताले धार्मिक विश्वासका साथ मन्दिर निर्माण गरिसकेका थिए । आफूले बाबुबाट संरक्षणको जिम्मेवारी पाएको र अहिले आफ्ना छोरा दोरन शेरचनले मन्दिरको रेखदेख गरिरहेको उनी बताउँछन् । यसरी मन्दिर निर्माण गर्ने परिवारमा पनि संरक्षणको जिम्मेवारी तीन पुस्तादेखि निरन्तर चलिरहेको छ ।

स्थानीय अग्रज भिमेन्द्र गौचनका अनुसार दरवाङमा बसाइँसराइ गरेर आएका थकाली समुदायका अगुवाहरुको अग्रसरतालै नै वि.सं. २००० सालतिर मन्दिर निर्माण सम्भव भएको हो । उनका अनुसार शेरबहादुर शेरचन, जगतबहादुर तुलाचनलगायतका अगुवाहरुले धार्मिक र सामाजिक केन्द्रको आवश्यकता महसुस गर्दै यस क्षेत्रमा बसोबास विस्तार गरेका थिए । वि.सं. २००० मा जन्मीएका भिमेन्द्रको पनि यो मन्दिर संग निकट अनि गहिरो साइनो जोडिएको छ ।

भिमेन्द्र गौचनका अनुसार उनका बाबु तेजबहादुर गौचन क्रममा वि.सं. २००० सालतिर दरवाङ बजारको छेउमा भगवती मन्दिर निर्माण गरेका थिए । त्यसबेला दरवाङ अहिलेको जस्तो व्यवस्थित बजार थिएन । केही घर, खेतीयोग्य जमिन र नदी किनारको बस्तीका बीचमा एउटा धार्मिक केन्द्र बनाउने सोच स्वयंमा दूरदर्शी निर्णय थियो ।

ओमप्रकाश शेरचनको जन्म वि.सं. २००७ सालमा भएको हो । उनका अनुसार आफ्नो जन्मअघि नै उनका पिताले धार्मिक विश्वासका साथ मन्दिर निर्माण गरिसकेका थिए । आफूले बाबुबाट संरक्षणको जिम्मेवारी पाएको र अहिले आफ्ना छोरा दोरन शेरचनले मन्दिरको रेखदेख गरिरहेको उनी बताउँछन् । यसरी मन्दिर निर्माण गर्ने परिवारमा पनि संरक्षणको जिम्मेवारी तीन पुस्तादेखि निरन्तर चलिरहेको छ ।

स्थानीय अग्रज भिमेन्द्र गौचनका अनुसार दरवाङमा बसाइँसराइ गरेर आएका थकाली समुदायका अगुवाहरुको अग्रसरतालै नै वि.सं. २००० सालतिर मन्दिर निर्माण सम्भव भएको हो । उनका अनुसार शेरबहादुर शेरचन, जगतबहादुर तुलाचनलगायतका अगुवाहरुले धार्मिक र सामाजिक केन्द्रको आवश्यकता महसुस गर्दै यस क्षेत्रमा बसोबास विस्तार गरेका थिए । वि.सं. २००० मा जन्मीएका भिमेन्द्रको पनि यो मन्दिर संग निकट अनि गहिरो साइनो जोडिएको छ ।

भिमेन्द्र गौचनका अनुसार उनका बाबु तेजबहादुर गौचन वि.सं. १९९१ सालतिर दरवाङ आएका थिए भने शेरबहादुर शेरचन र जगतबहादुर तुलाचन वि.सं. १९९२ सालतिर दरवाङमा बसाइँ सरेका थिए । नयाँ बस्ती बसाल्ने क्रममा उनीहरुले धार्मिक, सामाजिक र सांस्कृतिक जीवनलाई व्यवस्थित बनाउन भगवती मन्दिर निर्माणलाई प्राथमिकता दिएका थिए ।

शेरबहादुर शेरचनले आफ्नै मनोकामना पूरा होस् भन्ने विश्वासका साथ मन्दिर निर्माण गरेका थिए । पछि आफ्ना छोरा जन्मिएपछि आफ्नो इच्छा पूरा भएको अनुभूति गर्दै उनले उक्त मन्दिर व्यक्तिगत सम्पत्तिका रुपमा नराखी गाउँ समाजकै नाममा हस्तान्तरण गरेका थिए । यही कारण यो मन्दिर सुरूदेखि नै समुदायको साझा धार्मिक धरोहरका रुपमा विकास हुँदै आएको पाइन्छ । पश्चिम म्याग्दीको दरवाङक्षेत्र मात्र नभएर यहाँ वरीपरी पनि यति व्यवस्थीत भगवति मन्दिर नरहेको गौचनले सुनाए ।

दरवाङ भगवती मन्दिरको अर्को महत्वपूर्ण विशेषता यसको पुजारी परम्परा पनि हो । मन्दिर निर्माणपछि मराङबाट टिकाराम उपाध्यायलाई विशेष रुपमा ल्याएर पूजा आराधनाको जिम्मेवारी दिइएको थियो । त्यसपछि उनका छोरा जयश्वर सुवेदीले पुजारीको जिम्मेवारी सम्हाले । अहिले जयश्वरका छोरा जीवनाथ सुवेदीले नियमित नित्यपूजा गर्दै आएका छन् । अहिले जयश्वर र जीवनाथले दरवाङमा रहेका दुई वटा महत्वपूर्ण मन्दिरहरूमा नित्य पुजा गर्दै आएका छन् ।

मन्दिर स्थापना गर्ने परिवार तीन पुस्तामा पुगेको छ भने पुजारीको जिम्मेवारी पनि तीन पुस्तादेखि एउटै परिवारले सम्हाल्दै आएको तथ्य आफैंमा दरवाङ भगवती मन्दिरको दुर्लभ विशेषता हो । पुस्ता फेरिए पनि पूजा, परम्परा र आस्था भने कहिल्यै फेरिएको छैन ।

पुजारी जीवनाथ सुवेदीका अनुसार अहिले पनि मन्दिरमा नियमित नित्यपूजा हुने गरेको छ । विशेषगरी बडादशैंको नवदुर्गा र चैते दशैंमा ठूलो पूजाआजा हुने गर्दछ । ती अवसरमा मालिका गाउँपालिका मात्र नभई म्याग्दीका विभिन्न स्थान तथा अन्यत्रबाट समेत श्रद्धालु दर्शनका लागि आउने गर्छन् । धार्मिक तथा ऐतिहासीक महत्वको भए पनि अझै यसको जति प्रचारप्रसार हुन पर्ने हो त्यो हुन नसकेको तर्फ भने ध्यान पुग्न नसकेको जस्तो पनि भान हुने गरेको छ ।

उनी भन्छन्, पहिले मन्दिर अहिलेको स्थानमा थिएन । म्याग्दी नदी किनारतर्फ डिलमा रहेको मन्दिर नदी कटानका कारण भत्किएपछि हालको स्थानमा सारिएको हो । वास्तवमा दरवाङ भगवती मन्दिरको इतिहास नदीसँग पनि जोडिएको छ । सुरूमा म्याग्दी नदी किनारमा निर्माण गरिएको मन्दिर नदीमा आएको बाढी र कटानले क्षतिग्रस्त बनायो । प्राकृतिक विपत्तिका कारण पुरानो मन्दिर जोगाउन नसकिएपछि स्थानीयवासी फेरि एकजुट भए ।

ओमप्रकाश शेरचनका अनुसार वि.सं. २०४० को दशकको अन्तिम तिर मन्दिरमा क्षती शुरू भए पछि मन्दिर स्थानान्तरण गरिएको थियो । त्यसपछि हाल रहेको स्थानमा पुनः निर्माणको प्रक्रिया अघि बढ्यो । हालको अवस्थामा रहेको मन्दिरको सन्दर्भमा भिमेन्द्र गौचनका अनुसार म्याग्दी नदीको बाढीबाट *बाँकी पाँचौं पृष्ठमा*

पर्यटन प्रवर्द्धनमा सहकार्य गरौं ।

मालिका गाउँपालिका भित्रका निम्न उल्लेखित पर्यटकीय स्थलहरूको

भ्रमण गरौं !

मालिका- प्राकृतिक सौन्दर्य, सांस्कृतिक धरोहर र साहसिक यात्राको अनुपम गन्तव्य

मालिका गाउँपालिकाका पर्यटकीय गन्तव्यहरू

वडा नं. १

- सिद्ध बराह ताल
- स्लेट खानी
- स्याल/भालु गुफा
- मह शिकार

- सिद्ध बराह ताल

वडा नं. २

- स्लेट खानी
- दुर लेक
- स्टोन भिलेज
- घोडे नाच

- दुर लेक

वडा नं. ३

- शोले डाँडा
- तामा खानी
- किटेनी
- दुरलेक

- डाँडा गाउँ

वडा नं. ४

- शोले धुरी
- तामा खानी
- मह शिकार
- शोरठी तथा पुर्‍यौंली नाच
- दहको ताल

तामा खानी क्षेत्र

वडा नं. ५

- मालिका धुरी
- देउता भिर गुफा
- गाइ खर्क
- हकलाङ पिकनिक स्पट

- गाइ खर्क

वडा नं. ६

- भाले बास्ने ताल
- दुखु तामाखानी
- पुर्‍यौंली स्याली नाच
- मह शिकार, महखानी
- मालिका धुरी
- दरवाङ भगवती मन्दिर
- दरवाङ शिवालय

- दरवाङ शिवालय

वडा नं. ७

- प्रभुचेला धुरी, पाथीभरा मन्दिर
- किसानी माबि प्राविधिक शिक्षालय
- मालिका मन्दिर
- बाइन्डोफाँट बराहताल

- प्रभुचेला धुरी, पाथीभरा मन्दिर

प्रकृति, संस्कृति, इतिहास र आस्थाको संगम

मालिका गाउँपालिका

आउनुहोस, घुम्नुहोस, अनुभव गर्नुहोस !

SANIMA RELIANCE LIFE INSURANCE
खुलेर जिऔं
बेनी उप-शाखा

बेनीमा एक वडा एक उत्पादन र पर्यटन विकास

म्याग्दीको सदरमुकाम समेत रहेको बेनी नगरपालिकाले चालु आर्थिक वर्ष २०८३/८४ का लागि कृषि र पर्यटनलाई आर्थिक समृद्धिको मुख्य आधार बनाउने गरी महत्वाकांक्षी नीति तथा कार्यक्रम कार्यान्वयनमा ल्याएको छ । नगरसभाबाट पारित भई लागू भइसकेको नीति तथा कार्यक्रममा प्रत्येक वडाको भौगोलिक, कृषि तथा पर्यटन सम्भावनालाई आधार बनाएर विशेष पहिचान सहित विकास योजना अघि सारिएको हो । नगरसभाबाट पारित भएर कार्यान्वयनमा आएको नीति तथा कार्यक्रमले हरेक वडामा एक उत्पादन र एक पर्यटकीय स्थल पहिचान गरेको छ ।

हिमाली जिल्ला म्याग्दीको बेनी नगरपालिकाले कृषि उत्पादनलाई व्यवसायीकरण गर्दै प्रत्येक वडालाई विशिष्ट उत्पादन क्षेत्रका रुपमा विकास गर्ने लक्ष्य सहित अगाडी बढेको छ । बेनी नगरपालिकाको नीति अनुसार वडा नं. १ लाई तरकारी उत्पादन क्षेत्र, वडा नं. २ लाई केरा उत्पादन क्षेत्र, वडा नं. ३ लाई किवी खेती, वडा नं. ४ लाई सुन्तला उत्पादन, वडा नं. ५ लाई फलफूल उत्पादनका लागि उत्कृष्ट हुने भनेर चयन गरेको छ । त्यसैगरी वडा नं. ६ लाई गोलभेडा उत्पादन, वडा नं. ७ लाई दूध उत्पादन, वडा नं. ८ लाई अण्डा उत्पादनका लागि कुखुरापालन, वडा नं. ९ लाई टिमुर खेती तथा वडा नं. १० लाई आलु उत्पादनको विशेष क्षेत्रका रुपमा विकास गरिने भएको बेनी नगरपालिकाका नगर प्रमुख सुरत केसीले जानकारी दिनुभयो ।

नगर प्रमुख केसीले भन्नुभयो नगरपालिकाको विश्वास छ कि यसरी प्रत्येक वडाको सम्भावना अनुसार कृषि उत्पादनमा केन्द्रित हुँदा उत्पादन वृद्धि, रोजगारी सिर्जना, कृषकको आम्दानी वृद्धि र कृषि पर्यटनको समेत विकास हुनेछ । उहाँका अनुसार पछिल्ला वर्षहरुमा बेनी नगरपालिकामा व्यावसायिक तरकारी, फलफूल, किवी, सुन्तला, दूध तथा कुखुरापालन व्यवसाय विस्तार हुँदै गएको छ । कालीगण्डकी नदीको किनार, मध्यपहाडी भू-भाग र अनुकूल हावापानीका कारण यहाँ उत्पादन हुने कृषि उपजको बजार पनि सहज मानिन्छ ।

बेनी नगरपालिकाले कृषिसँगै पर्यटनलाई पनि नगरपालिकाले आर्थिक विकासको अर्को मुख्य आधारका रुपमा नगरसभाबाटै अघि सारेको नगर प्रमुख केसीले सुनाउनुभयो । नगरसभाबाट पारित नीति अनुसार पर्यटकीय महत्वका हिसाबले वडा नं. १ मा रत्नेचौर-पर्वत जोड्ने झोलुङ्गे पुल निर्माण तथा सामाजिक सञ्जालमा चर्चित बनेको तोरीबारी क्षेत्रको प्रवर्द्धन गरिनेछ । वडा नं. २ मा लभ्लीहिल एकीकृत पर्यटन परियोजना, ऐतिहासिक ज्यामरूककोट कोट मन्दिर, गौस्वारा गोवर्द्धन क्षेत्र र कोप्रे झरनाको विकास चालु आर्थिक वर्षको प्रमुख प्राथमिकतामा रहेका छन् ।

त्यसैगरी वडा नं. ३ मा स्वर्गाश्रम बेलहुङ्गा पर्यटन प्रवर्द्धन परियोजना तथा सिद्ध बराजु मण्डलीथान, वडा नं. ४ मा प्रसिद्ध सिंगा तातोपानी कुण्डको व्यवस्थापन र सिंगा जलाशय पर्यटन विकास, वडा नं. ५ मा रामायण पार्क तथा पुलस्त्य ऋषिको तपोभूमि, जगन्नाथ र भगवती कोट मन्दिरको संरक्षण तथा प्रवर्द्धन गर्दै पर्यटकलाई आकर्षित गर्नका लागि प्रयास गरिनेछ ।

वडा नं. ६ मा रामशीला स्मारक स्थल र गुप्त रामम्न्दिर, वडा नं. ७ मा लक्ष्मीनारायण, बलमुक्तेश्वर मन्दिर, महारानीथान, भर्तिबम शिवालय तथा बराह महारानी पोखरीलाई धार्मिक पर्यटनको केन्द्रका रुपमा विकास गर्ने योजना रहेको बेनी नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत अर्जुन शर्माले जानकारी दिनुभयो । वडा नं. ८ मा जलेश्वर गुफाको पुनर्निर्माण, शालग्राम संग्रहालय र टक्सार पुरातात्विक संग्रहालय स्थापना तथा प्रवर्द्धन गरिने भएको छ । त्यस्तै वडा नं. ९ मा विश्वप्रसिद्ध गलेश्वरधाम, ऐतिहासिक ढोल्ठान दरबार तथा तोरीपानी होमस्टेलाई थप व्यवस्थित बनाइनेछ भने वडा नं. १० मा सिद्धाश्रम, घारसुन्न पर्यटन विकास(वाखेत होमस्टे), राधाकृष्ण मन्दिर एवम् वाखेत तथा टोड्के पर्यटन विकासलाई ध्यानमा राखेर प्रमुख पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने योजना अघि सारिएको छ ।

कान्छो हिमाली जिल्लाका रूपमा सुचिकृत म्याग्दी जिल्लाको सदरमुकाम रहेको बेनी नगरपालिका धौलागिरि र अन्नपूर्ण पदमार्गको प्रवेशद्वारका रुपमा परिचित छ । कालीगण्डकी र म्याग्दी नदीको संगमस्थल, गलेश्वरधाम, सिंगा तातोपानी, टोड्के, बेलहुङ्गा, रामायण पार्क, ज्यामरूककोट, जलेश्वर गुफा लगायतका धार्मिक, प्राकृतिक र ऐतिहासिक सम्पदाले नगरपालिकालाई पश्चिम नेपालको सम्भावनायुक्त पर्यटन केन्द्र बनाउन सक्छ । पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको आगमन देशैभर बढ्दै गएसँगै होमस्टे, होटल, रेष्टुरेन्ट तथा पर्यटनसँग सम्बन्धित व्यवसाय पनि विस्तार हुँदै गएको अवस्थामा बेनीमा पनि यो अवस्थालाई आत्मसात गर्दै अगाडी बढ्नु पर्ने देखिन्छ ।

नगरपालिकाले कृषि र पर्यटनलाई परस्पर जोड्दै 'एक वडा-एक पहिचान' अवधारणाअन्तर्गत स्थानीय उत्पादनलाई पर्यटनसँग जोडेर आर्थिक गतिविधि विस्तार गर्ने रणनीति अपनाएको छ । स्थानीय उत्पादनको ब्रान्डिङ, कृषि उपजको बजारीकरण, पर्यटन पूर्वाधार निर्माण, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र होमस्टे प्रवर्द्धनलाई एकीकृत रुपमा अघि बढाउने लक्ष्य नीति तथा कार्यक्रममा समेटिएको छ ।

नगरसभाबाट पारित भई कार्यान्वयनमा आएको यस नीति तथा कार्यक्रमले बेनी नगरपालिकाको समग्र आर्थिक विकास, रोजगारी सिर्जना, कृषिमा आत्मनिर्भरता तथा दिगो पर्यटन प्रवर्द्धनमा नयाँ आधार तयार गर्ने अपेक्षा गरिएको छ । स्थानीय तहको योजना प्रभावकारी रुपमा कार्यान्वयन हुन सके बेनी नगरपालिका कृषि उत्पादन र धार्मिक तथा प्राकृतिक पर्यटनलाई सँगसँगै अघि बढाउने गण्डकी प्रदेशकै नमुना नगरका रुपमा स्थापित हुने विश्वास गरिएको छ ।

साप्ताहिक राशीफल

मिति :- २०८३।०४।२२ देखि २०८३।०४।२८

मेष - Aries **चु, चे, चो, ला, लि, लु, ले, लो, अ**

प्रारम्भमा मनग्य आम्दानी भए पनि सरसापटमा धन बाहिरिनाले बचत भने नहुन सक्छ। परिस्थिति अध्ययन नगरी खर्चिलो काम थाल्नाले अर्थ अभाव देखापर्न सक्छ। समस्या सुल्झाउन कर्जा लिनुपर्ला। बेलामा होस नपुर्याउँदा चुनौती सामना गर्नुपर्ला। केही समयका लागि आफन्तबाट टाढिनुपर्ने हुन सक्छ। बुधवारदेखि स्थितिमा सुधार आउनेछ। व्यापार बढ्नेछ र प्रतिष्ठित जिम्मेवारी हातपार्न सफल भइनेछ। तर आगन्तुकहरुले अलमल्याउन सक्छन्। सप्ताहान्तमा अवसर आए पनि काममा पछि परिनेछ। स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला।

वृष - Taurus **इ, उ, ए, ओ, वा, वि, वु, वे, वो**

प्रारम्भमा केही उल्झन देखिए पनि कामको प्रतिफल प्राप्त हुनेछ। व्यापार बढ्नेछ र मनग्य आम्दानी हातलागी हुनेछ। तर कर्जा चुक्ता गर्न खर्चनुपर्ने हुन सक्छ। उठ्नुपर्ने रकम प्राप्त हुनाले पहिलेको समस्या टर्नेछ। बुधवारदेखि खर्चिलो काम गर्नुपर्ने स्थिति आउन सक्छ। खर्च बढ्नाले अर्थ अभाव भइरहनेछ। काम बिग्रने भयले पनि सताउनेछ। विदेश ताक्नेहरुलाई भने यात्राको प्रक्रिया अघि बढ्नेछ। सप्ताहान्तमा शुभचिन्तकहरुको सहयोग जुट्नेछ र अप्ठ्यारो काम समेत सम्पादन हुनेछ। पारिवारिक भेटघाटले मनको बोझ पनि हलुका हुनेछ।

मिथुन - Gemini **का, कि, कु, घ, ङ, छ, के, को, हा**

प्रारम्भमा केही उल्झन देखिए पनि हिम्मत गर्दा चिताएको काम सजिलै बन्नेछ। धेरैको विश्वास जित्न नसकिए पनि कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरु नजिकिन सक्छन्। लगानीतर्फ धेरै रकम जुटाउनुपरे पनि दिगो आम्दानी हुने काम सुरू गर्ने मौका छ। लगनशीलताले कीर्तिमानी समेत दिलाउन सक्छ। आम्दानीका स्रोतहरु बढ्नेछन्। तर सप्ताहान्तमा आफन्तबाट टाढिनुपर्ला। टाढाका साथीभाइ नजिकिन सक्छन्। अवसरका लागि केही दौडधुप गर्नुपर्ला। सरसापटमा रकम बाहिरिन सक्छ। खर्चिलो कामले व्यवहारमा बाधा पुर्याउनेछ।

कर्कट - Cancer **हि, हु, हे, हो, डा, डि, डु, डे, डो**

प्रारम्भमा स्वास्थ्य कमजोर रहनुका साथै खर्च बढ्नाले अर्थ अभाव देखिएला। केही अप्ठ्यारा कामको बोझ उठाउनुपरे पनि सोमवारदेखि स्थितिमा सुधार आउनेछ। पहिलेको उपलब्धिले काममा जोसजाँगर बढ्नेछ। धार्मिक कर्म र समाजसेवामा प्रवृत्त भइनेछ। पुराना कामको चर्चा हुनेछ भने नयाँ काम प्रारम्भ हुनेछ। भौतिक साधन जुट्नाले दिगो योजना थाल्न सकिनेछ। नयाँ कामतर्फ अग्रसर भइनेछ। बुधवार र बिहीवार पेसा-व्यवसायमा विशेष लाभ उठाउन सकिनेछ। सप्ताहान्तमा आयस्रोत सबल बन्नेछ र मनग्य आम्दानी हातलागी हुने समय छ।

सिंह - Leo **मा, मि, मु, मे, मो, टा, टि, टु, टे**

पहिलो दिन रमाइलो देखिए पनि मंगलवारसम्म काम बिग्रनाले समस्या पर्न सक्छ। स्वास्थ्य कमजोर बन्नेछ र अर्थ अभावले पनि सताउने सम्भावना छ। अप्ठ्यारो समयमा अवसरवादीहरुले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन्। नजिकका साथीभाइसमेत टाढिन सक्छन्। बुधवारदेखि स्थितिमा सुधार आउनेछ र रोकिएका काम पनि बिस्तारै सम्पादन हुनेछन्। आध्यात्मिक चिन्तनले दुर्भावनाका तरंगहरु समाप्त हुनेछन्। परिस्थिति अनुकूल बन्नाले नयाँ कामतर्फ अग्रसर हुने मौका जुट्नेछ। विशिष्ट व्यक्तिहरुसँगको सहकार्यले फाइदा दिलाउनेछ।

कन्या - Virgo **टो, पा, पि, पु, ष, ण, ठ, पे, पो**

प्रारम्भमा चुनौती पन्छाएर लाभ उठाउन सकिनेछ। आफ्नो क्षेत्रमा प्रभाव जमाउने समय छ। रमाइलो यात्राको साइत जुर्नेछ भने चिताएको काम पनि बन्नेछ। व्यापार र उद्योगमा विशेष फाइदा हुनेछ। मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। बुधवार र बिहीवार भने अस्वस्थताको योग देखिएकाले खानपानमा सजग रहनुहोला। कामको बोझ थपिनेछ भने रकम बाहिरिनाले अर्थ अभाव देखापर्नेछ। सप्ताहान्तमा स्थितिमा सुधार आउनेछ, भाग्यले साथ दिनेछ। समस्या सुल्झाउँदै सामाजिक प्रतिष्ठा हातपार्न सकिनेछ। नयाँ काम थाल्नी हुनेछ।

तुला - Libra **रा, रि, रू, रे, रो, ता, ति, तु, ते**

खानपानको अनियमितताले स्वास्थ्य बिग्रन सक्छ। तापनि, सुखदुःखमा साथ दिनेहरु भेटिनेछन्। प्रतिस्पर्धामा अग्रस्थान हासिल हुनेछ। शत्रु र रोगबाट छुटकारा मिल्नेछ। सोमवारदेखि पहिलेको स्थितिमा सुधार आउनुका साथै नयाँ काममा हात हाल्ने अवसर जुट्नेछ। रोकिएका काम बन्नाले नयाँ कर्मतर्फ अग्रसर भइनेछ। अनुभव देखाएर उपलब्धि हातपार्ने समय छ। आफन्तसँग भेटघाट हुनुका साथै आतिथ्यपूर्ण सम्मान प्राप्त हुनेछ। प्रेम र मित्रताको बन्धन पनि कसिलो हुनेछ। सप्ताहान्तमा कामको चाप बढ्नाले स्वास्थ्य कमजोर बन्नेछ।

वृश्चिक - Scorpio **तो, ना, नि, नु, ने, नो, या, यि, यु**

सुरूमा पारिवारिक उल्झनले काम रोकिन सक्छ। ईर्ष्या गर्नेहरुबाट अवरोध हुनेछ। सोमवारदेखि स्थितिमा सुधार आउनुका साथै परिस्थिति अनुकूल बन्नेछ। अध्ययनमा प्रगति हुनेछ। आफ्नो अभियानमा धेरैले साथ दिनेछन्। देश-विदेशसम्मै रमाइलो यात्रा गर्ने साइत जुर्नेछ। बुधवार र बिहीवार प्रतिस्पर्धीहरुबाट काममा रोकावट हुने र फजुल खर्च बढ्ने सम्भावना छ, सजग रहनुहोला। सप्ताहान्तमा मन मिल्ने साथी भेटिनुका साथै मित्रता र प्रेमको बन्धन कसिलो हुनेछ। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। नयाँ योजना कार्यान्वयन हुनेछ।

धनु - Sagittarius **ये, यो, भा, भि, भु, धा, फा, ढा, भे**

सुरूमा आफ्नो काम खस्किने र प्रतिस्पर्धीहरु जाग्ने सम्भावना छ। नियमित काम सम्पादन भए पनि घरेलु समस्या र पुरानो वादविवाद सुल्झाउन निकै मिहिनेत गर्नुपर्ला। आफन्तसँग मतभेद बढ्न सक्छ, सजग रहनुहोला। बुधवारपछि स्थिति अनुकूल बन्नाले विभिन्न अवसर प्राप्त हुनेछन्। असम्भव काममा समेत युक्तिले सफलता दिलाउनेछ। हिम्मतले काम बन्नेछ, अनुभवले ज्ञान बढ्नेछ र मिहिनेतले मनग्य आम्दानी दिलाउनेछ। सप्ताहान्तमा शत्रुपक्षलाई हराउन सकिनेछ। दिगो योजना पूर्ण हुनेछ। नाम, दाम र इनाम पनि हातलागी हुनेछ।

मकर - Capricorn **भो, जा, जि, जु, जे, जो, ख, खि, खु, खे, खो, गा, गि**

मिहिनेत गर्दा साता फलदायी रहनेछ। साताभरि विभिन्न अवसर प्राप्त भइरहनेछन्। अध्ययनले उचाइको मार्ग अवलम्बन गर्नेछ। रोकिएका काम बन्नेछन् र नयाँ काम थालनी हुनेछ। तारिफयोग्य कामले दाम, इनाम एवं प्रतिष्ठा दिलाउनेछ। नोकरी तथा राजनीतिमा नयाँ अवसर प्राप्त हुनेछ। मिहिनेतले काम बन्नेछ, अनुभवले ज्ञान बढ्नेछ र सावधानीले जोखिम टर्नेछ। बिहीवार र शुक्रवार भने घरायसी समस्याले अल्झाउन सक्छ। सप्ताहान्तमा अवसरले पछ्याउनेछन्। सामाजिक कार्यले सम्मानित स्थान दिलाउनेछ। अध्ययनमा प्रगति हुनेछ।

कुम्भ - Aquarius **गु, गे, गो, सा, सि, सु, से, सो, द**

प्रारम्भ उत्साहवर्द्धक रहनेछ। रोकिएको काम बन्नुका साथै नयाँ काम थालनी गर्न सकिनेछ। बोलीको प्रभाव एवं तर्कशक्ति बढ्नेछ र अध्ययनमा प्रगति हुनेछ। व्यापारमा मनग्य फाइदा उठाउन सकिनेछ। दिगो फाइदा हुने काम सुरू हुनेछ। मेहनतीहरुलाई समयले साथ दिनेछ। बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ। जुझारू कार्यशैलीले लक्ष्यमा पुर्याउनेछ। बुधवारदेखि अवसरवादीहरुबाट अलि सावधान रहनुहोला। काममा आफ्नैबाट धोका हुनेछ, योजना सार्वजनिक नगर्नुहोला। पारिवारिक उल्झनले पनि काम रोकिने सम्भावना छ।

मीन - Pisces **दि, दु, थ, झ, ञ, दे, दो, चा, चि**

प्रारम्भमा खर्चिलो काम गर्नुपरे पनि हिम्मत गर्दा जटिल काम समेत सजिलै सम्पादन हुनेछ। लगनशीलताले प्रतिष्ठित काम गर्ने मौका दिलाउनेछ। राम्रा काममा अभिप्रेरित गर्नेहरु प्रशस्तै भेटिनेछन्। रमाइलो जमघटका बीच स्वादिष्ट खानपानको आनन्द प्राप्त हुनेछ। मानसम्मान प्राप्त हुनेछ। बुधवार र बिहीवार वादविवादले झमेला निम्त्याउन सक्छ। खर्च बढ्नाले आर्थिक पक्षसमेत कमजोर हुनेछ। सप्ताहान्तमा स्थिति अनुकूल बन्नेछ। प्रतिस्पर्धीहरु सहयोगीका रुपमा देखा पर्नेछन्। रोकिएको काम बन्नेछ भने आम्दानीले उत्साह जगाउनेछ।

आस्था, इतिहास.....

मन्दिरमा ठूलो क्षति पुगेपछि उनी मन्दिर निर्माण समितिको अध्यक्ष बनेर वि.सं. २०५२ सालमा हालको मन्दिर निर्माण सम्पन्न गरिएको हो । अहिले मन्दिर रहेको स्थानमा जटिल पहरा काटेर जग तयार पारिएको थियो । स्थानीयको श्रमदान, सहयोग र धार्मिक विश्वासका कारण पुनः निर्माण सम्भव भएको उनले सम्झन्छन् ।

धर्म संस्कृति संगै सामाजिक उत्तरदायित्व मात्रै नभएर अन्य धेरै कुराहरू पनि जोगिन्छन् । दरवाङमा रहेको भगवती मन्दिरको इतिहाससँग जोडिएको अर्को महत्वपूर्ण अध्याय पश्चिम म्याग्दीको शिक्षाको इतिहास हो ।

स्थानीय अग्रजहरूका अनुसार मन्दिर स्थापना भएपछि शेरचन परिवारले विद्यालयका लागि जग्गा उपलब्ध गराएको थियो । त्यसपछि वि.सं. २००८ साल मंसिरमा जनप्रिय विद्यालय स्थापना गरिएको थियो । यसरी हेर्दा पश्चिम म्याग्दीमा औपचारिक शिक्षाको उज्यालो फैलाउन दरवाङ भगवती मन्दिरको स्थापना अप्रत्यक्ष रूपमा आधार बनेको देखिन्छ ।

सुरूमा मन्दिरसँगै विद्यालय सञ्चालन गरिएको थियो । तर पछि नदी कटानका कारण मन्दिर क्षतिग्रस्त भएपछि विद्यालय पनि सुरक्षित स्थानमा स्थानान्तरण गरिएको थियो । आज पनि विद्यालयको इतिहास सम्झँदा स्थानीयले मन्दिरको योगदानलाई पहिलो स्थानमा राख्ने गरेका छन् ।

भिमेन्द्र गौचन स्वयं जनप्रिय विद्यालयका विद्यार्थी हुन् । आफैले पढेको विद्यालयलाई न्यवस्थीत बनाउनका लागि पनि उनले योगदान दिएका थिए । विद्यालय न्यवस्थापन समितिको लामो समय सम्म अध्यक्ष भएका पनि थिए । उनले वि.सं. २०३३ सालदेखि लगातार १६ वर्ष विद्यालय न्यवस्थापन समितिको अध्यक्ष भएर विद्यालयको नेतृत्व गरेका थिए । त्यसपछि वि.सं. २०६३ सालदेखि पुनः तीन वर्ष अध्यक्ष बनेर विद्यालयको विकासमा योगदान दिएका थिए ।

भिमेन्द्रले दरवाङको इतिहास सम्झँदा उनी वि.सं. १९७९ सालको भीषण पहिरोको प्रसंग पनि सुनाउँछन् । उनका अनुसार त्यसबेला आएको विनाशकारी पहिरोमा करिब तीन सय हाराहारी मानिसको ज्यान गएको थियो । केही गाउँ त लगभग समाप्त भएका थिए । एउटा गाउँमा दुई जना मात्र जीवित बचेको स्थानीय पुस्ताले सुनाउँदै आएको उनी बताउँछन् । त्यसपछि विस्तारै नयाँ बस्ती बस्दै गयो र धार्मिक तथा सामाजिक संरचनाहरू निर्माण हुँदै गए ।

आज पनि दरवाङ भगवती मन्दिर कुनै ठूलो आर्थिक स्रोतको भरमा सञ्चालन भएको छैन । ओमप्रकाश शेरचनका अनुसार अहिले मन्दिरको औपचारिक न्यवस्थापन समिति सक्रिय छैन । तर स्थानीय समुदायको अपनत्व नै यसको सबैभन्दा ठूलो शक्ति बनेको छ । पुजारी जीवनाथ सुवेदीका अनुसार मन्दिरका पुजारीका लागि कुनै निश्चित तलब वा सुविधा छैन । भक्तजनले चढाउने भेटी र श्रद्धाबाट प्राप्त रकमबाट नै पुजारीको सामान्य न्यवस्थापन हुँदै आएको छ । श्रद्धा, विश्वास र सेवाभावले नै पुस्तौंदेखि यो धार्मिक परम्परा निरन्तर चलिरहेको छ ।

धार्मिक दृष्टिले मात्र होइन, सांस्कृतिक र पर्यटनका हिसाबले पनि दरवाङ भगवती मन्दिरको महत्व दिनप्रतिदिन बढिरहेको छ । दरवाङ बजार पुग्ने अधिकांश आन्तरिक पर्यटक यहाँ पुग्न चाहने प्रकारको वातावरवण सृजना गर्न सकेको खण्डमा अझै धेरै यस मन्दिरको प्रचारप्रसार हुने जनविश्वास रहेको छ ।

मालिका गाउँपालिकाका पर्यटकीय गन्तव्यहरू घुम्ने योजना बनाउने जो-कोहीका लागि यो मन्दिर यात्रा प्रारम्भ गर्ने शुभ स्थलका रूपमा समेत स्थापित हुनु पर्ने देखिन्छ । धार्मिक तथा शैक्षिक इतिहासको धरोहर रहेको यो मन्दिरको संरक्षण र उचित प्रचार नै आजको मुख्य आवश्यकता रहेको मालिका गाउँपालिका ६ का पूर्व अध्यक्ष सन्तोष सुवेदीको भनाई छ । आफू अध्यक्ष भएको समयमा मन्दिरको मर्मतका लागि बजेट न्यवस्था गरेका सुवेदीले मन्दिरको प्रचारका लागि पनि आफूले प्रयास गरेको र अरूले पनि गर्नु पर्नेमा जोड दिन्छन् । हाल जनप्रिय माध्यमिक विद्यालयका न्यवस्थापन समिति अध्यक्ष सुवेदीले दरवाङ क्षेत्रको शैक्षिक इतिहासको जग हाल्ने पनि यही मन्दिर भएको हुनाले संरक्षण सम्बर्द्धनका साथै प्रचार गर्नुपर्नेमा जोड दिए ।

दरवाङ बजारकै छेउमा भएको हुँदा जो कोही पनि सहजै पुग्न सकिने, ऐतिहासिक पृष्ठभूमि बोकेको, प्राकृतिक वातावरणले घेरिएको र धार्मिक आस्थाले भरिएको यो मन्दिरमा पुग्दा केवल देवीको दर्शन मात्र हुँदैन, पश्चिम म्याग्दीको इतिहास, संघर्ष, बसाइँसराइ, शिक्षा र समाज निर्माणको एउटा जीवित अध्याय पनि पढ्न पाइन्छ । धेरै धार्मिक स्थलहरू केवल पूजा गर्ने ठाउँ हुन्छन् । केही ऐतिहासिक स्थलहरू केवल इतिहास सुनाउँछन् । तर दरवाङ भगवती मन्दिर त्यस्तो दुर्लभ धरोहर हो जहाँ धर्म, इतिहास, शिक्षा, समाज र संस्कृतिले एउटै आँगन साझा गरेका छन् ।

मालिका गाउँपालिका तथा म्याग्दी उद्योग वाणिज्य संघको संयुक्त प्रयासमा मालिका गाउँपालिकाका ३५ प्रमुख गन्तव्यको पहिचान गरी प्रचारप्रसार अभियान थालेको अवस्थामा आन्तरीक तथा बाह्य पर्यटकहरूले यात्रामा दरवाङ भगवती मन्दिर केवल एउटा 'स्टप' होइन, यात्राले अनिवार्य रूपमा समेट्नुपर्ने गन्तव्य हो । यहाँको दर्शनले श्रद्धा बढाउँछ, इतिहासले सोच्न बाध्य बनाउँछ र पुस्तौंदेखि जोगिँदै आएको आस्थाले आफ्नै संस्कृतिप्रति गर्व गर्ने अवसर प्रदान गर्छ ।

मालिका गाउँपालिका ६ का वडा अध्यक्ष पथबहादुर रोकाले पश्चिम म्याग्दी पुग्दै हुनुहुन्छ भने केही समय छुट्याएर दरवाङ भगवती मन्दिर अवश्य पुग्नु पर्ने बताउँछन् । यहाँको शान्त वातावरणमा बसेर इतिहास सुन्नुहोस्, पुस्तौंदेखिको आस्थाको आरतीको उज्यालो हेर्नुहोस् र मनमनै भगवती मातासँग प्रार्थना गर्नुहोस् । सम्भवतः त्यसपछि तपाईंले महसुस गर्नुहुनेछ दरवाङको यात्रा भगवती मन्दिरको दर्शनबिना पूर्ण हुन सक्दैन । यही कारण यो मन्दिर केवल मालिका गाउँपालिकाको मात्र होइन, समग्र म्याग्दी जिल्लाकै धार्मिक, ऐतिहासिक र पर्यटकीय गौरवका रूपमा स्थापित हुँदै आएको छ । धार्मिक तथा शैक्षिक इतिहासको साँक्षी रहेको यो मन्दिरमा एक पटक अवश्य पुग्नुहोस ।

दुई दशक .....

उनीसँग ठूलो भवन थिएन, धेरै उपकरण थिएनन् र कर्मचारीको लामो टोली पनि थिएन । थियो त केवल विदेशमा कमाएको केही पूँजी, कामप्रतिको इमानदारी र ग्राहकको विश्वास जित्ने अठोट ।

सुरूका दिन सजिला थिएनन् । नयाँ न्यवसाय भएकाले ग्राहकको विश्वास जित्न समय लाग्यो । मोटरसाइकल मर्मत गर्ने वर्कसप त थियो, तर त्यसलाई टिकाइराख्न निरन्तर मेहनत आवश्यक थियो । बिहान सबेरैदेखि बेलुकासम्म उनी आफैं वर्कसपमा खटिन्थे । कुनै काम सानो वा ठूलो भन्ने सोच राखेनन् । ग्राहकले मोटरसाइकल लिएर आउँदा उनी त्यसलाई आफ्नै सामानजस्तै सम्झेर मर्मत गर्थे ।

विदेशमा रहँदा सिकेको एउटा बानी उनले न्यवसायमा पनि लागू गरे—समयको सम्मान । ग्राहकलाई जति समयमा काम सकिन्छ भनियो, त्यही समयमा सक्न प्रयास हुन्थ्यो । गुणस्तरमा सम्झौता नगर्ने र न्यवहारलाई सबैभन्दा ठूलो पूँजी मान्ने उनको स्वभावले विस्तारै ग्राहकको विश्वास जित्न थाल्यो ।

दरवाङ बजार हुँदै पश्चिम म्याग्दीका विभिन्न गाउँमा दैनिक सयौं मोटरसाइकल गुड्छन् । पहाडी भूगोल, उकालो-ओरालो र कच्ची सडकका कारण मोटरसाइकलमा समस्या आइरहन्छ । पहिले सामान्य मर्मतका लागि पनि टाढासम्म पुग्नुपर्ने अवस्था थियो । आवश्यक पार्टपुर्जा सजिलै पाइँदैनथ्यो । गंगारामले यही अभावलाई अवसर बनाए ।

आज "प्रकृति मोटर पार्ट्स तथा वर्कसप" पश्चिम म्याग्दीका धेरै सेवाग्राहीको पहिलो रोजाइ बनेको छ । मालिका गाउँपालिका, धवलागिरि गाउँपालिका र आसपासका क्षेत्रका सर्वसाधारण तथा न्यवसायीले यहाँबाट सेवा लिइरहेका छन् । मोटरसाइकल मर्मतदेखि आवश्यक पार्टपुर्जा उपलब्ध गराउनेसम्मको सेवा एकै ठाउँमा पाइने भएपछि स्थानीय बासिन्दालाई सहज भएको छ । मालिका गाउँपालिका-५ का वडा अध्यक्ष पथबहादुर रोका भन्छन्, "गाउँपालिकाको कार्यालय अगाडि सञ्चालनमा रहेको यो न्यवसायले पश्चिम म्याग्दीका धेरै सेवाग्राहीलाई ठूलो सुविधा दिएको छ । सामान्य मर्मतका लागि पनि टाढा धाउनुपर्ने बाध्यता धेरै हदसम्म हटेको छ । "गंगारामका लागि न्यवसाय भनेको नाफा कमाउने माध्यम मात्र होइन । उनी यसलाई समाजप्रतिको जिम्मेवारी पनि मान्छन् । त्यसैले आज उनको वर्कसपमा परिवारका तीन सदस्यसँगै बाहिरका चार जनाले नियमित रोजगारी पाएका छन् ।

एक समय आफैं रोजगारी खोज्दै पाँच देश चहार्ने व्यक्ति आज सात जनाको जीविकोपार्जनको आधार बनेका छन् । यो परिवर्तन केवल व्यक्तिगत सफलता होइन, स्थानीय अर्थतन्त्रमा परेको सकारात्मक प्रभाव पनि हो । गंगाराम प्रायः भन्ने गर्छन्, "विदेशमा मैले अरुको कम्पनीका लागि काम गरें । अहिले आफ्नै गाउँमा बसेर आफ्नै पसिनाले अरुलाई पनि काम दिन पाउँदा सन्तुष्टि मिल्छ ।" उनी विदेशलाई अस्वीकार गर्दैनन् । बरू विदेशले सिकाएको अनुशासन, मेहनत, बचत गर्ने बानी र समयको मूल्यलाई आफ्नो सफलताको आधार मान्छन् । "विदेश जानु नराम्रो होइन," उनी भन्छन्, "तर विदेशबाट फर्किएपछि त्यहाँ सिकेको अनुभव आफ्नै देशमा प्रयोग गर्न सकियो भने त्यसको अर्थ अझ ठूलो हुन्छ ।"

गंगारामको सफलतामा परिवारको साथ पनि उत्तिकै महत्वपूर्ण छ । श्रीमती यामकुमारी पौडेलले न्यवसाय सञ्चालनमा निरन्तर साथ दिएकी छन् । विदेशमा हुँदा घर सम्हाल्ने जिम्मेवारीदेखि अहिले न्यवसायमा सहयोग गर्ने भूमिकासम्म उनले परिवारको बलियो आधार बनेर साथ दिएकी छन् ।

घरमा रहेका तीन दाजुभाइमध्ये गंगाराम सबैभन्दा कान्छा हुन् । एक जना दिदीसहितको संयुक्त पारिवारिक परिवेशमा हुर्केका उनले सानैदेखि मेहनत गर्न सिकेका थिए । त्यही संस्कारले जीवनका कठिन मोडहरू पार गर्न बल दिएको उनी बताउँछन् ।

विदेशमा कमाएको रकम खर्च गरेर विलासी जीवन बिताउने सोच उनले कहिल्यै बनाएनन् । कमाइलाई बचत गरे । नेपाल फर्किएपछि पनि न्यवसायबाट भएको आम्दानीलाई विस्तारै लगानी गर्दै गए । त्यसकै परिणामस्वरूप उनले दरवाङ बजारमा आफ्नै घर खरिद गरेका छन् । यो घर केवल इँटा, सिमेन्ट र छानाको संरचना होइन । यसमा मलेसियाको पसिना, बहराइनको संघर्ष, कतारको मेहनत, आबुधाबीको अनुशासन, ओमानको धैर्य र नेपाल फर्किएपछि गरेको अथक परिश्रमको कथा जोडिएको छ ।

तत्कालीन वडा अध्यक्ष सन्तोष सुवेदी गंगारामलाई सम्झँदा खुसी व्यक्त गर्छन् । उनका अनुसार विदेशबाट फर्किएपछि छोटो समयमै व्यवसायमा यति राम्रो प्रगति गर्ने उदाहरण मालिका गाउँपालिकामा निकै कम छन् । "गंगारामको सफलताले विदेशबाट फर्किएका धेरै युवामा आत्मविश्वास बढाएको छ," उनी भन्छन् । "अवसर खोज्न मात्र होइन, अवसर सिर्जना गर्न पनि सकिन्छ भन्ने उदाहरण उनले दिएका छन् ।"

नेपालमा अहिले पनि धेरै युवाको सपना विदेश पुग्ने हुन्छ । कतिपयका लागि त्यो आवश्यकता पनि हो । तर विदेशको कमाइ जीवनभर विदेशमै खर्चिनु मात्र अन्तिम उपलब्धि होइन भन्ने सन्देश गंगारामको जीवनले दिन्छ । विदेशबाट फर्किएपछि आफ्नै गाउँमा सम्भावना खोज्न सकिन्छ, सानो व्यवसायलाई ठूलो बनाउन सकिन्छ र अरुका लागि पनि रोजगारी सिर्जना गर्न सकिन्छ भन्ने विश्वास उनले व्यवहारमै प्रमाणित गरेका छन् ।

आज दरवाङ बजारमा वर्कसपमा आउने हरेक ग्राहकसँगै गंगारामको आत्मविश्वास पनि बढिरहेको छ । बिहान वर्कसप खोल्दा उनलाई विदेशका ती वर्षहरू सम्झना आउँछन् । तर अहिले ती सम्झनामा पीडा कम र गर्व बढी छ । किनकि उनले परदेशमा बगाएको पसिनालाई आफ्नै माटोको उर्वर भविष्यमा रूपान्तरण गरेका छन् ।

जीवनमा सफलता सधैं ठूलो अवसरबाट सुरू हुँदैन । धेरैजसो सफलता एउटा सानो निर्णयबाट सुरू हुन्छ । गंगारामका लागि त्यो निर्णय थियो—"अब विदेश होइन, आफ्नै गाउँमा केही गर्छु ।"

आज उनको कथा केवल एउटा व्यक्तिको सफलताको कथा होइन । यो गाउँ फर्किएका युवाको सम्भावना, श्रमको सम्मान, परिवारको साथ, सही मार्गदर्शन र आत्मविश्वासले असम्भव देखिने यात्रालाई पनि सम्भव बनाउन सक्छ भन्ने प्रेरणादायी दस्तावेज हो ।

म्याग्दीका डाँडाकाँडाबाट उडेर पाँच देश पुगेका गंगाराम पौडेल अन्ततः फेरि आफ्नै माटोमा फर्किए । फर्केर उनले केवल एउटा वर्कसप खोलेनन्, उनले आशाको एउटा ढोका खोले । त्यो ढोकाले आज धेरै युवालाई एउटा सन्देश दिइरहेको छ ।

"विदेशले कमाइ दिन सक्छ, तर आफ्नै माटोले पहिचान दिन्छ । मेहनत, इमानदारी र आत्मविश्वासका साथ अघि बढ्ने हो भने सफलता खोज्न संसार डुल्नुपर्दैन, कहिलेकाहीं त्यो आफ्नै गाउँको बाटोमै प्रतीक्षा गरिरहेको हुन्छ ।"

उत्कृष्ट विद्यार्थीलाई के.बि. एकेडेमी एण्ड बोर्डीङको पुरस्कार

पश्चिम म्याग्दीको केन्द्रमा रहेको केबी एकेडेमी एण्ड मन्टेस्वरी हाउस प्रालीमा आयोजित हिसाब दौड तथा विविध कार्यक्रम अन्तर्गत उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीहरुलाई पुरस्कार वितरण गरिएको छ।

विद्यालय परिसरमा आयोजित कार्यक्रममा विभिन्न प्रतियोगितामा उत्कृष्ट स्थान हासिल गरेका विद्यार्थीहरुलाई प्रमाणपत्र तथा पुरस्कार प्रदान गरिएको विद्यायका प्रिन्सीपल बिमल शर्माले जानकारी दिए । कार्यक्रममा विद्यालय प्रशासन, शिक्षक, विद्यार्थी तथा अभिभावकहरुको उल्लेखनीय सहभागिता रहेको थियो ।

विद्यालयले आयोजना गरेको कार्यक्रममा प्याब्सन म्याग्दीका अध्यक्ष हिरा पुनले विद्यालयले आयोजना गर्ने यस्ता सिर्जनात्मक तथा शैक्षिक गतिविधिले विद्यार्थीहरुको प्रतिभा, आत्मविश्वास र प्रतिस्पर्धात्मक क्षमताको विकासमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरेका थिए ।

केबि एकेडेमीले हरेक हप्तामा विविध कार्यक्रमहरूको अयोजना गरेर विद्यार्थीहरूको सक्रिय सहभागिता गराउने गरेको छ। विद्यार्थीहरूमा सामाजिक तथा अन्य गतिविधिको पनि ज्ञान हुनु पर्छ भन्ने मुल ध्येयका साथ हरेक हप्ता कुनै न कुनै शैक्षिक तथा सामाजिक कार्यहरूमा विद्यार्थीलाई सहभागि गराउँदै आएको एकेडेमीले जनाएको छ ।

विपद्को पूर्वतयारी गरौं

- संभावित जोखिमको मूल्याङ्कन गरौं,
- भूकम्प, बाढी आगलागी जस्ता सम्भावित विपद्को बारेमा सचेत बनौं ।
- सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं ।
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं ।
- सम्पर्क बिन्दुहरू तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं ।
- खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं ।
- विपद् न्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

"विपद्को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं"

मालिका गाउँपालिकाको कार्यालय

दरवाङ, म्याग्दी

लक्ष्मी जननी मिडिया हाउस प्रा.लि. द्वारा प्रकाशित म्याग्दी नेपाल साप्ताहिकका लागि अध्यक्ष/प्रकाशक: अमृतप्रसाद पौडेल (अमृत बास्कुने)
सम्पर्क: ९८५७६४०२६६, ९८०५१२३०००, इमेल :erupse@gmail.com, कार्यालय, बेनी नगरपालिका ८, बेनी म्याग्दी, सम्पादक: तुलसी सुवेदी